# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार


## कविता



जब महिला दुई जिउ हुन्छिन मेरै पुग्छ ध्यान,
अनि तत्काल सल्लाह दिन्छु स्वास्थ्य संस्था जान—२

३ महिना पुगेपछि स्वास्थ्य संस्था जानुपर्छ,
आईरन र जुकाको औषधी खानुपर्छ—२

२ पटक लगाउनुपर्छ खोप टि.डि. ,
बचाउँछ आमा बच्चा धनुष्टकार देखि—२

कम्तिमा नि ८ पटक गरौं गर्भ जाचँ,
समस्या आइपरे पुनः गराऔ जाचँ—२

घर परिवार ले सुत्केरीको बिशेष गरौ ध्यान,
हरिया सागपात पहेला फलफुल अनि पोषण युक्त खाना—२

म त हजुर स्वयं सेविका निस्वार्थ छ भावना,
स्वयं सेविका दिवसको छ सबै लाई शुभकामना—२

लेखक
बिन्दु कुमारी क्षेत्री
महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका
ठानामौला स्वा चौकी
फ.न.पा ८ पर्वत

सुरेन्द्र कुमार पटेल
स. पाँचौं (हे.अ.)
स्वास्थ्यचौकी प्रमुख

"२० औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस को उपलक्ष्यमा प्रस्तुत कविता।।। "

## कविता



सुनौ सुनौ सबै जना पिऔ सफा पानि,
फोहोर पानि पिउनुहुन्न सुधारौ है बानि—२

धारा कुवाँ ईनार सफा हुनुपर्दछ,
उमालेर पानि पिए किटानु नि मर्दछ—२

पिउने पानि फोहोर भए रोग धैरै लाग्छ,.
जुका आउँ झाडा बान्ता हैजा पनि लाग्छ —२

धुवाँ धुलो कतै छैन कति आन्नद,
देखिदै छ सेतो हिमाल कति सुन्दर —२

हावा पानि माटो सफा कस्तो मिलन,
वातावरण स्वच्छ भए स्वस्थ जिवन —२

लेखक
राधा देवि सापकोटा रिजाल
महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका
ठानामौला स्वा चौकी
फ.न.पा ८ पर्वत

सुरेन्द्र कुमार पटेल
स. पाँचौं (हे.अ.)
स्वास्थ्यचौकी प्रमुख

"२० औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस को उपलक्ष्यमा प्रस्तुत कविता।। "

**ठानामौला स्वास्थ्य चौकि, पर्बतले २० औ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको उपलक्ष्यमा आयोजित कला प्रस्तुति प्रतियोगिता कार्यक्रममा उत्कृष्ट स्थान पाएका कविता।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार




स्वास्थ्य कार्यालय, मनांगको आयोजनामा आधारभूत स्वास्थ्य सेवाका लागि STP/SOP सम्बन्धि ३ दिने तालिम संचालन भएको छ।



आधारभूत स्वास्थ्य सेवाकेन्द्र खर्बाङ्ग, बाग्लुंगको आयोजनामा पालिका पोषण मैत्रीपुर्ण कार्यक्रम अन्तर्गत गर्भवती महिला, सुत्केरी महिला, सुनौला हजार दिनका आमा हरुलाई सहभागी गराई मातृ तथा बाल पोषण, खाद्य विविधीकरण,गर्भावस्थामा र सुत्केरी अवस्थामा पोषणको महत्वका विषयमा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका, सामाजिक परिचालिक र स्वास्थ्यकर्मिको नेतृत्वमा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ।



अतिरिक्त प्रहरी पोष्ट, खानिगाँउ, पर्वतको आयोजनामा फलेबास नगरपालिका-७ लिमिठानामा समाजसेवी पवित्रा सुनारको अध्यक्षतामा स्थानिय, समाजसेवी र विभिन्न क्लवको प्रतिनिधिहरुको उपस्थितिमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत घरेलु हिंसा सम्बन्धी लघुसचेतनामुलक कार्यक्रम संचालन भएको छ।



प्रहरी चौकी, ठुलिपोखरी पर्वतको आयोजनामा कुश्मा नगरपालिका-१२ ठुलिपोखरीमा वडा अध्यक्ष झलक प्रसाद रिमालको अध्यक्षतामा स्थानिय जनप्रतिनिधी र समाजसेवीहरुलाई लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा घरेलु हिंसा सम्बन्धी लघुसचेतनामुलक कार्यक्रम संचालन भएको छ।

# सााप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार



३ दिनको सुत्केरी घरभेट @ आधारभुत स्वास्थ्य सेवा केन्द्र बडिगाड १० दर्लिङ, बाग्लुंग



हेल्थ क्याम्प @ माझकोट स्वास्थ्य चौकी

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



भंगरा स्वास्थ्य चौकी, पर्वतको आयोजनामा आ.ब २०८०/८१ को पहिलो चरणमा फलेवास न.पा. वडा न. ९, भंगरामा रहेको श्री ग्रामोदय मा.बि., श्री लिमी उल्लेरी आधारभुत विधालय, श्री शारदा प्रा.बि., श्री भवानी प्रा.वि.मा रहेको ५ बर्ष माथिका विद्यार्थीहरू र शिक्षक शिक्षिकाहरुलाई जुका संक्रमण नियन्त्रणको लागि अर्धबार्षिक जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न भएको छ।



धवलागिरि गाउँपालिका वडा नं-१ गुर्जा स्वास्थ्य चौकी, म्याग्दीमा स्वास्थ्य आमा समुहको बैठक संगसंगै एड्स तथा यौनरोग सम्बन्धि जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार


## देवचुली नगर अस्पतालमा स्त्री तथा प्रसुती रोग र हाडजोर्नी तथा नसा रोग विशेषज्ञ सेवा सुरु

देवचुली नगर अस्पतालमा बिशेषज्ञ सेवा थप गरि सुरु गरिएको छ। नगर अस्पतालमा स्त्री तथा प्रसुती रोग र हाडजोर्नी तथा नसा रोग विशेषज्ञ सेवा थप गरिएको हो। अस्पतालमा गत सोमबारदेखि यो सेवा सुरु गरिएको हो। नगर अस्पतालमा सेवाग्राहीलाई न्युनतम शुल्कमा सेवा प्रदान गर्ने मुख्य उद्धेश्य सहित गत सोमबार देखि सेवा थप गरि सुरु गरिएको देवचुली नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख राम कुमार श्रेष्ठले जानकारी दिनुभएको छ। नगर अस्पतालमा प्रत्येक हप्ताको एकदिन आइतबार हाडजोर्नी तथा नसा रोग विशेषज्ञ र प्रत्येक हप्ताको सोमबार स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टरद्धारा सेवा प्रदान गरिने छ। अस्पतालमा अन्य रोगका विशेषज्ञ सेवा थप गर्ने तयारीमा समेत रहेको जनाइएको छ। नगर अस्पतालमा दैनिक ४ सय सम्म सेवाग्राहीहरु उपचारका लागि आउने गरेका छन्।



आँबुखैरेनी अस्पताल, तनहुँलाई उत्कृष्ट बनाउन बिभिन्न कार्ययोजनाको तयारी गर्न अन्तर्क्रिया संचालन गरेको छ।

## “समुदायको नेतृत्वमा एड्स अन्त्य गरौं” भन्ने मुल नाराका साथ ३६ औं विश्व एड्स दिवस २०२३ भब्य रुपमा सम्पन्न"





अन्नपुर्ण गाउँपालिका, कास्कीको आयोजनामा घान्द्रुक र दान्सिङ स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (MSS) मुल्यांकन सम्पन्न भएको छ।

## एचआईभी र एड्सः सामान्य जानकारी

https://hd.gandaki.gov.np/list/news/ecaaaiibha-ra-edasa-samanaya-janakara

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा निक साईमन्स ईन्स्टिच्युट, ललितपुरको सहयोगमा दर्बाङ्ग अस्पताल, म्याग्दीको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम सम्पन्न भएको छ। दर्बाङ्ग अस्पताल, म्याग्दीको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रमको छैठो फलोअप कार्यक्रम हो। कार्यक्रममा अस्पतालका लागि मुख्य श्रोतब्यक्तिको रुपमा बेनी अस्पताल, म्याग्दीका मेशु डाक्टर अन्जु थापा, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका कार्यक्रम संयोजक श्री नबराज शर्मा र श्री उर्मिला बराल र निक साईमन्स ईन्स्टिच्युट, ललितपुरका गण्डकी प्रदेश संयोजक सुष्मा लामाको उपस्थिति रहेको थियो। दर्बाङ्ग अस्पताल, म्याग्दीको छैठौ फलोअपमा ५१% अंक प्राप्त भएको छ। प्रस्तुतिकरण तथा समिक्षा कार्यक्रमको अध्यक्षता पालिका अध्यक्ष तथा दर्बाङ्ग अस्पताल, म्याग्दीका अस्पताल ब्यबस्थापन समितिका अध्यक्षले गर्नुभएको थियो। कार्यक्रममा प्रमुख अतिथिको रुपमा गण्डकी प्रदेशका पूर्व मन्त्री नरदेबी पुन र मालिका गाउँपालिका, म्याग्दीका अध्यक्षको उपस्थिति रहेको थियो।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा व्यवस्थापकहरुलाई तथ्याङ्किय सफट्वयर (GIS) सम्बन्धि सिप हस्तान्तरण तालिम सम्पन्न भएको छ। उक्त तालिममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशकको अध्यक्षतामा संचालन भएको उक्त कार्यक्रममा स्वास्थ्य निर्देशनालयका बरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका महाशाखा प्रमुखको आतिथ्यतामा सञ्चालन भएको हो ।




कार्यक्रमको सहजिकरण स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका तथ्याङ्क अधिकृत प्रविण भण्डारी, स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेशका तथ्याङ्क अधिकृत मान बहादुर वली र स्वास्थ्य कार्यालय, लमजुङ्गका तथ्याङ्क सहायक लेखनाथ उपाध्यायले गर्नुभएको भएको थियो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार




वालिङ नगरपालिका, स्याङ्गजाको आयोजनामा समुदाय स्वास्थ्य तथा घर दैलो नर्सिङ कार्यक्रमको नगर प्रमुख तथा नगर उपप्रमुखद्वारा वालिङ नगरपालिका वार्ड न ३ मा पहिलो घरमा घर नम्बरको प्लेट टास गरि कार्यक्रमको शुभारम्भ भएको छ।




मध्यबिन्दु नगरपालिका, नवलपरासी पूर्वको आयोजनामा उत्तर प्रसुती सेवा घरभेट कार्यक्रमको समिक्षा सम्पन्न भएको छ।

## यसकारण हुन्छ गर्भावस्थामा बान्ता

[https://hd.gandaki.gov.np/list/news/yasakaranae-hanachha-garabhavasathama-bnata](https://hd.gandaki.gov.np/list/news/yasakaranae-hanachha-garabhavasathama-bnata)



खैरेनीटार स्वास्थ्य चौकी दुलेगौंडामा ५ के.जि.को शिशुको जन्म भएको छ, आमा र बच्चाको अबस्थामा सामान्य रहेको छ।



प्रहरी चौकी, भुकताङले पर्वतको आयोजनामा मोदी गाउँपालिका-१ झिलिबराङमा स्थानिय आमा समुह, युवावर्ग र समाजसेवीहरुको उपस्थितिमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत लैङ्गिक हिंसा विभेद, घरेलु हिंसा र महिला हिंसा सम्बन्धी लघुसचेतना कार्यक्रम संचालन गरेको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार


## जाडोमा आगो 🔥ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
- कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज ,कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय—समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलर लामो समयसम्म बाथरुममा बस्ने नगरौं।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"



फलेवास नगरपालिका वार्ड नं ९, भंगरा, पर्बत स्थित भंगरा स्वास्थ्य चौकीले दिने मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा (Maternal & Newborn Health Service) अन्तर्गत तेस्रो पटकको सुत्केरी जाँच गर्ने कार्य संचालन गरिरहेको छ।



अतिरिक्त प्रहरी पोष्ट, माल्दुङगा, पर्वतको आयोजनामा कुश्मा नगरपालिका-१ माझी टोलमा माल्दुङगा टोल सुधार समितिका अध्यक्ष खिम बहादुर खवासको अध्यक्षतामा स्थानिय आमा समुह, टोल सुधार समिति र समाजसेवीहरुको उपस्थितिमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत घरेलु हिंसा सम्बन्धी लघुसचेतना कार्यक्रम संचालन गरेको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार




मध्यविन्दु जिल्ला अस्पतालमा कार्यरत पुर्व कर्मचारी कमला गुरुङ (स्टाफ नर्स)को मिति २०८०।०८।१७ गते बेलायतमा भएको असमायिक र अकल्पनिय निधन प्रति अस्पताल परिवारले शोकशभा संचालन गरेको छ।




सामजिक विकास कार्यालय, पर्वत र जिल्ला प्रहरी कार्यालय पर्वतको संयुक्त आयोजनामा फलेवास नगरपालिका-५ वडा कार्यालयसंग समन्वय गरी सोही वडाका वडा अध्यक्ष नारायण लामिछानेको अध्यक्षतामा फलेवास नगर प्रमुख गंगाधर तिवारीको प्रमुख आतिथ्यतामा वडा प्रतिनिधी, आमा समुह, समाजसेवी विभिन्न क्लब प्रतिनिधीहरुको उपस्थितिमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अनुरुप केन्द्रबाट मनोवित सिर्जना आचार्यले आत्महत्याको कारण तथा न्युनिकरण गर्ने उपायका बारेमा प्रस्तुतिकरण तथा संदेशमुलक भिडियो प्रदर्शन गर्नुभयो। जिल्ला प्रहरी कार्यालय, पर्वतका प्र.ना.नि पुर्णिमा थापाले लैङ्गिक हिंसा अन्तर्गत लैङगिक हिंसा विभेद, हिंसाको रुप उजुरी प्रकृया, कानुनी व्यवस्था, न्यूनिकरणमा समुदाय र प्रहरीको भुमिकाको बारेमा प्रशिक्षण दिई घरेलु हिंसा, महिला हिंसा, ज.ज.क, बालबिबाह र मानव बेचबिखन सम्बन्धी जानकारी मुलक कार्यक्रम संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो। योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ।**

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।

// सा‍प्ताहिक समाचारपत्रिका

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा निक साईमन्स ईन्स्टिच्युट, ललितपुरको सहयोगमा बुर्तिबाङ्ग अस्पताल, बाग्लुङ्गको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम सम्पन्न भएको छ। बुर्तिबाङ्ग अस्पताल, बाग्लुङ्गको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रमको पाँचौ फलोअप कार्यक्रम हो। कार्यक्रममा अस्पतालका लागि मुख्य श्रोतब्यक्तिको रुपमा धौलागिरी अस्पताल, बाग्लुंगका कन्सल्टेन्ट एनेस्थियोलोजिष्ट डाक्टर अमित ढुंगाना, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका कार्यक्रम संयोजक श्री नबराज शर्मा र श्री उर्मिला बराल र निक साईमन्स ईन्स्टिच्युट, ललितपुरका गण्डकी प्रदेश संयोजक सुष्मा लामाको उपस्थिति रहेको थियो। बुर्तिबाङ्ग अस्पताल, बाग्लुङ्गको पाँचौ फलोअपमा ४९% अंक प्राप्त भएको छ। प्रस्तुतिकरण तथा समिक्षा कार्यक्रमको अध्यक्षता बुर्तिबाङ्ग अस्पताल ब्यबस्थापन समितिका उपाअध्यक्षले गर्नुभएको थियो।

## आत्महत्या सम्बन्धि जानकारी !!!

https://hd.gandaki.gov.np/list/news/aatamahataya-samabnathha-janakara



स्वास्थ्य कार्यालय, लमजुङको आयोजनामा IMNCI कार्यक्रमको समीक्षा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्का, पोखरा स्वास्थ्य विज्ञान प्रतिस्ठानका बालरोग विशेषज्ञ डाक्टर रामचन्द्र बास्तोला, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका महाशाखा प्रमुख डाक्टर रमेश कुमार केसी र आठ वटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख तथा कार्यक्रम फोकल पर्सनहरुको सहभागीतामा बेसीशहरमा सम्पन्न भएको छ।

## हर्टअट्याक हुने ८ कारण र जोगिने १५ तरिका

https://hd.gandaki.gov.np/list/news/harataatayaka-hana-karanae-ra-jagana-taraka

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार





बेनि नगरपालिका, म्याग्दीका मेयर श्री सुरज के.शि.ले बेनी अस्पतालमा रहनुभएका हेमो_डायलाइसिस गर्नुपर्ने बिरामीको लागि रक्तदान गर्नुभएको छ। वहाँको यो ७६औ पटकको रक्तदान हो।






## जाडोमा निमोनिया: बेवास्ता गरे ज्यानमारा हुनसक्छ।

https://hd.gandaki.gov.np/list/news/jadama-namanaya-bvasata-gara-jayanamara-hanasakachha

## "स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार


"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

## आठ रोगको उपचारमा १ लाखदेखि ४ लाखसम्म सहुलियत, कहाँबाट कसरी पाइन्छ ?



https://hd.gandaki.gov.np/list/news/aatha-ragaka-upacarama-lkhathakha-lkhasamama-sahalyata-kahabta-kasara-painachha



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका प्रतिनिधि र बडिगाड गाउँपालिका, बागलुङ स्वास्थ्य शाखाका कर्मचारीहरु बीच स्वास्थ्य सम्बन्धी कार्यक्रमको कार्यान्वयन अवस्था तथा प्रगतिका बारेमा छलफल भएको छ।



शहिद लखन गाउँपालिका , गोरखा मा २० औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस "स्वास्थ्य क्षेत्रमा दिगो विकास महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको संयुक्त प्रयास "भन्ने मुल नाराका साथ गरिएको वडा स्तरीय हाजिरी जवाफ प्रतियोगितामा ताक्लुङ्ग स्वास्थ्य चौकी प्रथम भएको छ।



बडिगाड गाउपालिका र बडिगाड स्वास्थ्य शाखा को आयोजनामा २०औं महिला स्यमसेबिका दिबसको उप्लक्षयमा चित्रकला तथा सफलता को कथा प्रतियोगितामा आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङका महिला स्यमसेबिका दिदीहरु प्रथम हुनु भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार




तोकिएका १६ सूचक र ११ निर्देशन पालना गरेर बागलुङको नारायणस्थान स्वास्थ्य चौकी पोषणमैत्री स्वास्थ्य संस्थामा घोषित भएको छ। बागलुङ नगरप्रमुख बसन्तकुमार श्रेष्ठले उक्त संस्थालाई पोषणमैत्री घोषणा गर्नुभएको हो।






स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशको आयोजना तथा TPO Nepal को सहयोगमा Mental Health NHTC Module 2b Training for Prescribers सम्पन्न भएको छ । पोखरा महानगरका शहरी स्वास्थ्य केन्द्रहरूमा कार्यरत १७ जना प्राथमिक स्वास्थ्य सेवा प्रदायकहरू सम्मिलित यस तालिमले मानसिक स्वास्थ्य सम्बन्धि सेवा प्रवाहमा योगदान दिने अपेक्षा रहेको छ ।



आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ, बाग्लुंगमा नियमित खोप कार्यक्रम संचालन भईरहेको छ ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार




आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ, बाग्लुंङ्गले घरदैलो सुत्केरी र नवजात शिशु स्वास्थ्य जाँच सेवा (PNC Home Visit) नियमित रुपमा संचालन गरिरहेको छ।



गलकोट नगरपालिका, बाग्लुंगको आयोजनामा नरेठाटी स्वास्थ्य चौकिकी न्यूनतम सेवा मापदण्डको मुल्यांकन तथा अभिमुखिकरण सम्पन्न भएको छ । जसमा स्वास्थ्य चौकीले ८३% अंक ल्याई निलो स्टीकर प्राप्त गरेको छ।



लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत सामाजिक विकास कार्यालय, पर्वत र जिल्ला प्रहरी कार्यालय, पर्वतको संयुक्त आयोजनामा जलजला गाउँपालिकाको सभाहलमा प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद आचार्यको अध्यक्षता र जलजला गाउँपालिकाका अध्यक्ष राजु आचार्यको प्रमुख आतिथ्यतामा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा मनोविद सृजना आचार्य र जिल्ला प्रहरी कार्यालय, पर्वतका प्र.ना.नि पुर्णिमा थापाले सामाजिक कुरिती, लैङ्गिक हिंसा, जबरजस्ती करणी र बालविवाह लगाएतका बिषयमा प्रशिक्षण प्रदान गर्नुभएको थियो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार




जलजला सामुदायिक स्वास्थ्य ईकाईले घरदैलो सुत्केरी र नवजात शिशु स्वास्थ्य जाँच सेवा (PNC Home Visit) नियमित रुपमा संचालन गरिरहेको छ।



बडिगाड गाउँपालिका, बाग्लुंगको आयोजनामा जनतासङ्ग पालिका अध्यक्ष स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत प्रोटोकल अनुसार गर्भजाँच र संस्थागत सुत्केरी भएका आमाहरुको बडिगाड गाउँपालिका वडा न ८ भेडिखोरबाट स्वास्थ्य बिमा कार्यक्रमको शुरुवात गरिएको छ।




**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम, ठेउवाटार, ताक्लुङ्ग स्वास्थ्य चौकी, गोरखा



छोप्राक स्वास्थ्य चौकी, गोरखाको आयोजनामा स्वास्थ आमा समूहको मासिक बैठक सिरानचोक गाउपालिका वाड न -५ कटरबारिमा सम्पन्न भएको छ।

## मानसिक स्वास्थ्य : सबैको अधिकार

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!



धवलागिरी गाउँपालिका, म्याग्दी र One Heart worldwide को साझेदारीमा श्री लुलाङ स्वास्थ्य चौकीको बर्थिङ सेन्टर मर्मत तथा सुदृढीकरण भएको छ।



स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोप ढुवानीकर्ताहरुको अभिमुखीकरण गोष्ठी सम्पन्न भएको छ। पहिलो चरणमा कुश्मा नगरपालिका, मोदी र जलजला गाउँपालिका अन्तर्गतका सहभागीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय, पर्वतका प्रमुख एक नारायण लम्सालको अध्यक्षता रहेको थियो।

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार




बोबाङ्ग स्वास्थ्य चौकी, बाग्लुंगको आयोजनामा नियमित मासिक खोप कार्यक्रम संचालन भएको छ, सो अबशरमा स्वास्थ्य शिक्षा तथा सरसफाइ प्रवर्द्धन कार्यक्रम तथा वृद्धि अनुगमनमा जोखिममा रहेका बालबालिकाहरुलाई वालभिटा तथा साबुन वितरण गरिएको थियो।



RUSG @ थोचे स्वास्थ्य चौकी, मनांग



मालिका गाउँपालिका, म्याग्दीको आयोजनामा पालिका अन्तर्गतको स्वास्थ्य संस्थाहरुको आ.व. २०७९/०८० को पोषण कार्यक्रमको समिक्षा तथा २०८०/०८१ को योजना तर्जुमा गोष्ठी कार्यक्रम सम्पन्न भएको छ।



CME class on "Basic Life support (BLS)" for Adult @ Beni Hospital, Myagdi

**जाडोमा नानीबाबुहरुको यसरी गर्नुहोस हेरचाह।**
https://hd.gandaki.gov.np/list/news/jadama-nanabbharaka-yasara-garanahasa-haracaha

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार


## नवजात शिशुले आमाको दूध खान नसकेमा के गर्ने ?

https://hd.gandaki.gov.np/list/news/navajata-shashal-aamaka-thathha-khana-nasakama-ka-garana



बडिगाड स्वास्थ्य शाखाको आयोजनामा बडिगाड गाउँपालिका वडा न ८ भेडिखोर सामुदायिक स्वास्थ्य इकाईमा एकीकृत ग्रामिण मोवाईल स्वास्थ्य सेवा कार्यक्रम सम्पन्न भएको छ।



नसर्ने रोगको स्क्रिनीङ्ग कार्यक्रम @ श्रीकृष्णगण्डकी स्वास्थ्य चौकी, स्याङ्गजा



हरेक शुक्रबार मेरो २० मिनेट मेरो स्वास्थ्य संस्थालाई कार्यक्रम अन्तर्गत श्रीकृष्णगण्डकी स्वास्थ्य चौकी, स्याङ्गजामा सरसफाई गरिनुका साथै साथै फलफुल रोप्ने काम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार




मादी गाउँपालिका, कास्कीको आयोजना तथा कोपिला नेपालको सहकार्यमा लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान कार्यक्रम मादी गाउँपालिका वडा नं १ को खिलाङ गाउँमा वडा अध्यक्ष देबिजंङ गुरुङको अध्यक्षता तथा मादी गाउँपालिकाका उपाध्यक्ष कल्पना गुरुङको प्रमुख अतिथ्यमा सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा निक साईमन्स ईन्स्टिच्युट, ललितपुरको सहयोगमा राम्जा देउराली स्वास्थ्य चौकी, पर्बतको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम सम्पन्न भएको छ। राम्जा देउराली स्वास्थ्य चौकी, पर्बतको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रमको पाँचौ फलोअप कार्यक्रम हो। कार्यक्रममा अस्पतालका लागि मुख्य श्रोतब्यक्तिको रुपमा पर्बत अस्पताल, पर्बतका मेशु डाक्टर हेमन्त बाँस्तोला, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक श्री हेमन्त शर्मा पौडेल, कार्यक्रम संयोजक श्री नबराज शर्मा र श्री उर्मिला बराल, स्वास्थ्य कार्यालय, पर्बतका प्रमुख श्री एक नारायण लम्साल र निक साईमन्स ईन्स्टिच्युट, ललितपुरका गण्डकी प्रदेश संयोजक सुष्मा लामाको उपस्थिति रहेको राम्जा देउराली स्वास्थ्य चौकी, पर्बतको पाँचौ फलोअपमा ३२% अंक प्राप्त भएको छ। प्रस्तुतिकरण तथा समिक्षा कार्यक्रमको अध्यक्षता राम्जा देउराली स्वास्थ्य चौकी, पर्बतको ब्यबस्थापन समितिका अध्यक्षले गर्नुभएको थियोभने मोदी गाउँपालिका, पर्बतका अध्यक्ष श्री हिरादेवी शर्माले प्रमुख अतिथिको रुपमा उपस्थित रहनुभएको थियो। कार्यक्रममा मोदी गाउँपालिका, पर्बतका प्रमुख प्रशासकिय अधिकृत, ब्यबस्थापन समितिका सदस्य, स्वास्थ्यकर्मीहरुको समेत उपस्थिति रहेको थियो।



# साप्ताहिक समाचारपत्रिका

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

## रक्तदानलाई लिएर विश्वभर रहेका १२ भ्रम र सत्य

https://hd.gandaki.gov.np/list/news/rakatathanalii-lera-vashavabhara-rahaka-bharama-ra-sataya



कुश्मीसेरा प्राथमिक स्वास्थ्य केन्द्र, बाग्लुंगमा विरामीहरुको सुविधाका लागि सोडियम, पोटीशियमको जॉच सेवा बिस्तार गरिएको छ।



स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोप ढुवानीकर्ताहरुको अभिमुखीकरण गोष्ठीको दोस्रो चरणमा फलेबास नगरपालिका, विहादी गाउँपालिका, महाशिला गाउँपालिका र पैयूं गाउँपालिका अन्तर्गतका सहभागीहरुको उपस्थिति रहेको उक्त कार्यक्रम स्वास्थ्य कार्यालय, पर्वतका कार्यालय प्रमूख एक नारायण लम्सालको अध्यक्षतामा समापन भएको छ।



स्वास्थ्य कार्यालय, बागलुङका खोप सुपरभाइजर राजु खत्री, तमानखोला गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख तिल बहादुर छन्त्याल र WHO/IPD पोखराका SMO डाक्टर स्मृती लामाद्धारा खोप तथा सरसफाई प्रवर्द्धधन कार्यक्रमको सुदृढिकरण गरी खोप सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन विभिन्न स्वास्थ्य संस्थामा संचालित खोप सेसन तथा स्वास्थ्यकर्मीहरुलाई सहजीकरण गरीएको छ।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार




सूचना तथा स्वास्थ्य शिक्षाका सामाग्रीहरुको अध्ययन गर्दै सेवाग्राहीहरु @ गण्डकी आयुर्बेद औषधालय, कास्की



आरूपाटा सामुदायिक स्वास्थ्य इकाई, बडिगाड-१० निगलपानीमा मासिक आमा सुहको बैठक संचालन गरि खोप, सरसफाई प्रबर्धन सम्बन्धि स्वास्थ्य शिक्षा सम्बन्धि कार्यक्रम सम्पन्न गरिएको छ।





आँबुखैरेनी गाउँपालिका वडा नं ६ अन्तर्गत, प्युघर सहरी स्वास्थ्य केन्द्र, तनहुँमा आँखा स्वास्थ्य सम्बन्धी नि:शुल्क जाँच शिविर सञ्चालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

## महिला स्वास्थ्य स्वयंम सेविका (FCHV) सम्बन्धि जानकारी मूलक भिडियो

https://www.youtube.com/watch?v=SfrrijMdiBg

**" सबै क्षेत्र जुटौं, प्रतिजैविक प्रतिरोध रोकथाम गरौं"**



गण्डकी आयुर्बेद औषधालय, कास्कीको आयोजनामा नागरिक आरोग्य कार्यक्रम अन्तर्गत घरभेटको फाराम भर्ने र डाटा सङ्कलनको अनसाईट कोचिङ्ग नागरिक आरोग्य सेवा केन्द्र, पुम्दीभुम्दी, कास्कीमा संचालन भएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा पोषण सम्बद्ध सरोकारवालासंग पैरवी बैठक तथा अन्तरक्रिया सम्पन्न भएको छ। जिल्ला समन्वय समितिका प्रमुख अमर बहादुर थापाको अध्यक्षता रहेको कार्यक्रममा निमित्त प्रमुख जिल्ला अधिकारी लगायत जिल्ला स्तरिय सरोकारवालाहरुको सहभागिता रहेको थियोभने कार्यक्रममा स्वास्थ्य कार्यालय, बागलुङका प्रमुख प्रविण शर्माले स्वागत तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो। साथै कार्यक्रमको विषयवस्तुहरु माटो र पोषण, विषादि रहित खाद्य तथा पोषण, मातृ तथा नवशिशु पोषण लगायतका विषयमा लक्ष्मी शर्माले प्रस्तुतीकरण गर्दै छलफल तथा अन्तरक्रियामा निमित्त प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बराल र कार्यक्रमका अध्यक्ष जिल्ला समन्वय समिति प्रमुख अमर बहादुर थापाले मन्तब्य राख्नुभएको थियो। उक्त कार्यक्रम स्वास्थ्य कार्यालय बागलुङका कोप सुपरभाइजर राजु खत्रीले सञ्चालन गर्नुभएको थियो।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



बडिगाड ६ सुडकुडे खोप क्लिनिक, छिसफाँट खोप क्लिनिक र आधारभुत स्वास्थ्य सेवा केन्द्र खाल, बाग्लुंगमा नियमित खोप कार्यक्रम संगै सरसफाइ प्रवर्द्धन कार्यक्रम, नियमित तौल अनुगमन कार्यक्रम संचालन भएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार




सिसाखानी स्वास्थ्य चौकी, बाग्लुंगको आयोजनामा खाद्यान्न प्रदर्शनी अन्तर्गत सुनौलो हजार दिनका आमाहरुलाई फर्सीको खीर बनाउने तरिका सिकाइ उहाँहरूलाई घरमा पनि बनाउन आग्रह गरिएको छ ।



मुदी स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा श्री बुद्धि विकास मा.वि.मा जुकाको औषधी वितरण गरिएको छ ।



छोप्राक स्वास्थ्य चौकी, गोरखाको आयोजनामा "उपाध्यक्ष स्वास्थ आमा समूहको" मासिक बैठक सिरानचोक गाउपालिका वाड न -५ जरेवर गाउँमा सम्पन्न भएको छ।

## जाडोमा नानीबाबुहरुको यसरी गर्नुहोस हेरचाह।

https://hd.gandaki.gov.np/list/news/jadama-nanabbharaka-yasara-garanahasa-haracaha



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार




बडिगाड गाउँपालिका वडा-०८ खोलाखर्क, बाग्लुंगमा विधालय स्तरमा जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न भएको छ। साथै स्वास्थ्य आमा समुहको बैठकमा बालभिटाको बारेमा छलफल गरिएको थियो । सो अबसरमा २ बर्ष मुनिका बालबालिकाको तौल अनुगमन गरि नियमित तौल अनुगमन गर्न ल्याउने बालबालिकालाई प्रोत्साहन स्वरूप अण्डा वितरण गर्नुको साथै खाद्यान्न प्रदशनीमा फर्सिको खिर बनाउने तरिका सिकाई सम्पन्न गरिएको छ।






मुलपानी स्वास्थ्य चौकी, बाग्लुङ्गको नवनिर्मित भवन



आरुपाटा सामुदायिक स्वास्थ्य सेवा केन्द्र, बाग्लुंगको आयोजनामा मंसिर महिनाको नियमित खोप कार्यक्रम गंगरे खोप केन्द्रमा संचालन भएको छ। कार्यक्रममा नियमित खोप, सुनौलो१००० दिने आमाको मासिक बैठक, सरसफाई प्रबधन कार्यक्रम, नियमित तौल वृद्धि अनुगमन, अण्डा बितरण, सुगर जाच ईत्यादी कार्यक्रम संचालन भएको छ।

**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो । योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्सहान गर्दछ ।**


# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७०, वर्ष ५, २०८० मङ्सिर २४, December 10, 2023 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा स्वास्थ्य कार्यालय बागलुङको समन्वयमा क्षयरोगको ईटिबि मास्टर रजिष्टर सम्बन्धि २ दिने तालिम बागलुङमा सम्पन्न भएको छ । बागलुङ जिल्लाको ३ वटा स्थानिय तहहरु निसीखोला गाउँपालिका, ढोरपाटन नगरपालिका र गलकोट नगरपालिकाका स्वास्थ्य संस्थाका प्रमुख तथा प्रतिनिधीहरुको लागि क्षयरोगको ईटिडी मास्टर रजिष्टर सम्बन्धि २ दिने तालिम संचालन भएको हो। उक्त तालिमको सेभ द चिल्ड्रेन ईन्टरनेशनलका राजेश यादव र जिल्ला स्वास्थ्य कार्यालय, बागलुङका क्षयकुष्ठ निरीक्षक देव प्रकाश घिमिरेले सहजिकरण गर्नुभएको थियो। कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका जनस्वास्थ्य निरीक्षक ज्ञान बहादुर बिसीले तालिमको बारेमा जानकारी गराउनु भएको थियो भने तालिममा २४ जना स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो। कार्यक्रम स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका विष्णु सुवेदीको अध्यक्षता, गलकोट नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सुशिल पौडेलको स्वागत र जिल्ला स्वास्थ्य कार्यालय, बागलुङका क्षयकुष्ठ निरीक्षक देव प्रकाश घिमिरेको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।




गण्डकी प्रदेशभित्र रहेका सरकारी अस्पतालको विवरण। (नक्साः प्रवीण भण्डारी, तथ्याङ्क अधिकृत, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश)



**सम्पादक**

नवराज शर्मा

वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback